Australian Government
Department of Human Services

NEPALESE

# Paid Parental Leave योजना: नयाँ आमाबुबाले कामबाट लिने बिदाका बारेमा रोजगारदातालाई जानकारी

अष्ट्रेलिया सरकारले योग्य आमाबुबालाई Paid Parental Leave योजनाअन्तर्गत वित्तीय सहायता प्रदान गर्दछ। यसले आमाबुबालाई नवजात शिशु वा हालै कोख लिएको धर्मसन्तानलाई हेरचाह गर्नका लागि कामबाट छुट्टी लिन मद्दत गर्छ।

यस योजना अन्तर्गत रोजगारी भएका आमाबुबाका लागि दुई खाले भुक्तानी उपलब्ध हुन्छ:

- Parental Leave Pay
- Dad and Partner Pay.

Parental Leave Pay बच्चाको प्राथमिक हेरचाहकर्ताका लागि हो। आमाबुबाले 18 हप्तासम्मको तलबी बिदा प्राप्त गर्न सक्छन्।

Dad and Partner Pay कोख लिएका धर्मपितामाता तथा समलिंगी जोडी लगायत काम गर्ने पिता वा अर्धांगिनी (पार्टनर) हरुका लागि हो। उनीहरुले २ हप्तासम्मको तलबी बिदा प्राप्त गर्न सक्छन्।

पूर्णकालीन, आंशिक, आकस्मिक, मौसमी, करारमा तथा स्व-व्यवसायी कामदारहरु कुनै एक भुक्तानीका लागि योग्य हुन सक्छन्।

यदि कुनै मृत बच्चा जन्माए वा बच्चाको मृत्यु भएमापनि त्यो भुक्तानीहरु कामदारले प्राप्त गर्न सक्छन्।

## यस योजनाले कसरी तपाईको व्यवसाय तथा आमाबुबालाई मद्दत गर्छ?

Paid Parental Leave  योजनाले तपाईलाई निम्न कुराहरूमा मद्दत गर्छन्:

- कामदारहरु जब आमाबाबु हुन्छन् मूल्यवान तथा सीपसम्पन्न कर्मचारीलाई कार्यथलोमा जोडिरहनका लागि अभिप्रेरित गर्न
- तपाई आफैलाई  Parental Leave Pay  तिर्न नपर्ने गरि परिवार मैत्री कार्यथलो सिर्जना गर्न
- दीर्घकालमा नयाँ आमाबाबुहरूको कार्यबलमा सहभागिता बढाउन।

यस योजनाले आमाबाबुलाई निम्न कुराहरूमा मद्दत गर्छ:

- नवजात शिशुको हेरचाह गर्नका लागि उनीहरुले कामबाट बिदा लिंदा उनीहरुलाई आर्थिक मद्दत गरेर
- पुरुष तथा महिलाबीचको समानता तथा काम र पारिवारिक जीवनबीचको सन्तुलनलाई प्रोत्साहित गरेर।

## यस योजनामा तपाईको भूमिका

तपाईले Paid Parental Leave योजनामा महत्वपूर्ण भूमिका खेल्नुहुन्छ।

तपाईको कामदारले Parental Leave Pay वा Dad and Partner Pay प्राप्त गर्न उनीहरुले बिदाका लागि माग गर्न सक्छन्।

हाम्रो माध्यमबाट Parental Leave Pay का लागि आवेदन गर्ने तथा तपाईसँग बिदाको व्यवस्थाका बारेमा वार्ता गर्ने कार्य तपाईको कामदारले गर्नु पर्छ। Parental Leave Pay पाउन तपाईको कामदारले सबै योग्यता आवश्यकताहरुपूरा गर्नुपर्छ।

यदि तपाईले आफ्नो कामदारलाई Parental Leave Pay उपलब्ध गराउनु पर्नेछ भने हामी तपाईलाई सम्पर्क गर्नेछौं। हामी तपाईलाई आवश्यक Paid Parental Leave रकम पनि उपलब्ध गराउनेछौं।

तपाईले योग्य कामदारका लागि Parental Leave Pay उपलब्ध गराउनुपर्छ,:

- जसले नवजात बच्चाको जन्म भएको छ वा हालै धर्मसन्तान बच्चा कोखमा लिएको छ
- जसले बच्चा जन्मने अपेक्षा गरिएको मिति वा सन्तान कोख लिने मितिभन्दा कम्तीमा 12 महिना अगाडि देखि तपाईले काम गरेको छ
- जो कम्तीमा उनीहरुको Paid Parental Leave अवधिको अन्त्यसम्मका लागि तपाईको कामदार रहनेछन्
- जो अष्ट्रेलियामा बसोबास गर्छ, र
- जसले कम्तीमा 8 हप्ताको Parental Leave Pay पाउने अपेक्षा गरिन्छ।

उक्त योजनामा सहभागी हुनका लागि तपाईको व्यवसायको Australian Business Number (ABN) हुनुपर्छ।

यदि तपाईको कामदारले माथिको मापदण्ड पूरा गर्दैन भने तपाईले Parental Leave Pay उपलब्ध गराउनुपर्ने आवश्यकता हुदैन। तथापि यदि तपाईहरु दुवै मञ्जुर हुनुहुन्छ भने तपाईको कामदार योग्य भएको खण्डमा तपाईले अझै पनि सो योजना उपलब्ध गराउन रोज्न सक्नुहुन्छ। हामीबाट तपाईले रकम प्राप्त नगरेसम्म तपाईले आफ्नो कामदारलाई Parental Leave Pay उपलब्ध गराउनु पर्दैन।

Dad and Partner Pay को सन्दर्भमा, तपाईले यो मात्र थाहा पाउनु पर्छ कि तपाईको कामदारले बेतलबी बिदाका लागि अनुरोध गर्न सक्छन् ता कि उनीहरुले Dad and Partner Pay प्राप्त गर्न सक्छन्। तपाईले आफ्ना कामदारका लागि Dad and Partner Pay उपलब्ध गराउनुपर्दैन। हामी उनीहरुको व्यक्तिगत दावीलाई मूल्यांकन गर्नेछौं र योग्य ठहरिएमा रकम भुक्तानी गर्नेछौं।

## मातृपितृ बिदा का सम्बन्धमा तपाईको कामदारसँग कुरा गर्नु

यदि तपाईको कामदारले बच्चा जन्माउने वा धर्मसन्तान कोखमा लिने अपेक्षा गरिरहेको छ भने उनीहरुको योजनाका बारेमा अगाडि नै उनीहरुसँग कुरा गर्नुहोस्।

केही समेट्नु पर्ने विषयहरु यस्ता छन्:

- कुन बिदा उपलब्ध हुन्छ र यसलाई Parental Leave Pay सँगै कसरी लिन सकिन्छ (उदाहरणका लागि, तलबी वा बेतलबी बिदा)
- कहिले तपाईको कामदार बिदामा बस्न शुरु गर्नेछन् र कहिले उनीहरु काममा फर्कने छन्
- उनीहरु काममा फर्कनका लागि कसरी व्यवस्थापन गर्न चाहन्छन् (उदाहरणका लागि, आंशिकरुपमा काम गर्ने)
- तपाईको कामदारले Parental Leave Pay दावी दाखिला गर्दा आवश्यक पर्ने तपाईको व्यवसायका बारेको विवरणहरू।

## बिदाको हकमाथिको असर

यस योजनाले तपाईको कामदारलाई बिदाको हक प्रदान गर्दैन। तपाईको कामदारको Parental Leave Pay वा Dad and Partner Pay उनीहरुको रोजगारदाताले प्रदान गर्ने बिदाको हकभन्दा अतिरिक्त हो।

*Fair Work Act 2009* अन्तर्गत तपाईको दीर्घकालीन कामदारले न्यूनतम 12 महिनाको बेतलबी मातृपितृ बिदा प्राप्त गर्न सक्छन्। यसका बाबजुद उनीहरुले अतिरिक्त 12 महिनाको बेतलबी बिदाका लागि पनि अनुरोध गर्न सक्छन्। दीर्घकालीन कामदार त्यो हो जसले तपाईको व्यवसायमा 12 महिना वा बढी काम गरेको छ।

यदि तपाईको कामदार जोडी हो भने National Employment Standards अन्तर्गत उनीहरु दुवैले बेतलबी बिदा पाउन सक्छन्। ती मामिलाहरुमा तपाईले जान्नु पर्ने केही अरु न्यूनतम हकहरु छन्। उदाहरणका लागि, बच्चा जन्माएको वा धर्मसन्तान कोख लिएको लगत्तै, त्यही बेलामा ३ हप्तासम्मको बेतलबी बिदान लिन सक्ने। यदि तपाई मञ्जुर हुनुहुन्छ भने, बच्चा जन्माएको वा धर्मसन्तान कोख लिए पछिको पहिलो ६ हप्तामा कुनै पनि बेलामा उनीहरुले त्यो बिदा लिन सक्छन्। उनीहरु दुईको बीचमा 24 महिनासम्मको बेतलबी मातृपितृ बिदा लिने अधिकार पनि राख्छन्।

यदि औद्योगिक सम्झौता वा ऐनले दिएको छ भने तपाईले मातृ वा पितृ बिदाको हकलाई फिर्ता लिन सक्नुहुन्न्। यो सो सम्झौता वा कानुनको समयसीमा भर लागू रहन्छ।

निम्न जानकारीका लागि **fairwork.gov.au** मा जानुहोस् वा Fair Work Ombudsman लाई **131 394** मा फोन गर्नुहोस्:

- रोजगारीका हकहरु
- कार्यस्थलका कर्तव्यहरु
- *Fair Work Act 2009*
- Fair Work Ombudsman को भूमिका

## हामीले तपाईलाई कसरी भुक्तानी गर्नेछौँ

तपाईले हामीबाट रकम प्राप्त नगरेसम्म Parental Leave Pay उपलब्ध गराउनुपर्दैन। तपाईको कामदारले नियमित तलब पाउने दिन अघि हामी तपाईले मनोनयन गरेको बैंकमा रकम जम्मा गर्नेछौँ।

## तपाईको व्यवसायको दर्ता गर्दा

Paid Parental Leave योजनामा सहभागी हुनका लागि तपाईले आफ्नो व्यवसायलाई हामीसँग दर्ता गर्नुपर्ने हुन्छ। तपाईले अनलाई वा फोनमार्फत दर्ता गर्न सक्नुहुन्छ। यदि तपाईले Parental Leave Pay उपलब्ध गराउनु नपर्ने कामदारहरुका लागि यो योजनाको प्रबन्ध गर्न रोज्नुहुन्छ भने तपाईले उनीहरुले हामीसँग दावी पेश गर्नुअघि प्रकृया शुरू गर्नुपर्ने हुन्छ। Paid Parental Leave योजनाका लागि दर्ता गर्ने सबैभन्दा सजिलो उपाय AUSkey को माध्यमबाट Centrelink Business Online Services प्रयोग गरेर हो।

AUSkey एक डिजिटल प्रमाणपत्र हो जसले तपाईको व्यवसायको तर्फबाट सरकारका थुप्रै अनलाइन सेवाहरुमाथि तपाईले पहुँच प्राप्त गर्ने अनुमति प्रदान गर्छ। AUSkey ले Australian Taxation Office (ATO) को डिजिटल प्रमाणपत्रलाई प्रतिस्थापन गरेको छ। AUSkey प्राप्त गर्नका अंग्रेजीमा लेखिएको Australian Business Registerको वेबसाइट abr.gov.auमा जानुहोस्। त्यसपछि तपाईले आफ्नो AUSkey वा हालको ATO डिजिटल प्रमाणपत्रल प्रयोग गरेर Centrelink Business Online Services मार्फत कुनै पनि समयमा Paid Parental Leave योजनामा दर्ता गर्न सक्नुहुन्छ।

यदि तपाईसँग AUSkey वा ATO डिजिटल प्रमाणपत्र छैन भने, तपाईले अझै पनि Centrelink Business Online Services मा दर्ता गर्न सक्नुहुन्छ तर तपाईले अनलाइनबाट आफ्नो बैंक विवरण थप्न वा अद्यावधिक गर्न वा नयाँ प्रयोगकर्तालाई थप्न सक्नुहुन्न। यदि तपाईले Centrelink Business Online Services प्रयोग नगर्ने रोज्नुभयो वा इन्टरनेटमा तपाईको पहुँच छैन भने तपाईले हामीलाई अंग्रेजी भाषामा **131 158** मा फोन गरेर दर्ता गर्न सक्नुहुन्छ।

## थप जानकारीका लागि

- **humanservices.gov.au/pplemployers** मा जानुहोस् अंग्रेजी भाषामा थप जानकारीका लागि
- **humanservices.gov.au/yourlanguage** मा जानुहोस् जहाँ तपाईले तपाईको भाषामा उपलब्ध जानकारी पढ्न, सुन्न वा भिडियोहरु हेर्न सक्नुहुन्छ।
- हामीसँग तपाईको भाषामा Centrelink> भुक्तानी तथा सेवाहरुका बारेमा कुरा गर्नका लागि **131 202** नम्बरमा फोन गर्नुहोस्।
- हामीसँग तपाईको भाषामा Medicare तथा बाल सहायता (Child Support) भुक्तानी तथा सेवाहरुका बारेमा कुरा गर्नका लागि अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service (TIS National)) लाई **131 450** नम्बरमा फोन गर्नुहोस्।
- सेवा केन्द्रमा जानुहोस्।

**नोट**: अष्ट्रेलियाको जहाँकहीँबाट ‘13’ नम्बरमा तपाईको घरको फोनबाट गरिएको फोनको शुल्क स्थिर दरमा लिइन्छ। त्यो दर स्थानीय कलको मूल्यभन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकबीच पनि फरक पर्न सक्छ। तपाईको घरको फोनबाट ‘1800’ नम्बरमा गरिएको कल निःशुल्क हुन्छन्। सार्वजनिक तथा मोबाइल फोनबाट गरिएको कलहरुमा समय निर्धारित हुन्छ र उच्च दरमा शुल्क लिइने हुन सक्छन्।

## दावीविरोध

यस प्रकाशनमा समावेश गरिएका जानकारी भुक्तानी तथा सेवाका लागि निर्देशिकाका रुपमा मात्र लक्षित छन्। यो तपाईको निर्णय गर्ने जिम्मेवारी हो यदि तपाई भुक्तानीका लागि आवेदन गर्ने इच्छा गर्नुहुन्छ र आफ्नो विशेष परिस्थितिको सम्बन्धमा आवेदन गर्ने  चाहना राख्नुहुन्छ।

# The Paid Parental Leave scheme: Information for employers about new parents on leave from work

The Australian Government provides financial support for eligible parents through the Paid Parental Leave scheme. This helps parents take time off work to care for a newborn or recently adopted child.

This scheme has 2 payments available to working parents:
- Parental Leave Pay
- Dad and Partner Pay.

Parental Leave Pay is for the child's primary carer. Parents can get up to 18 weeks' paid leave.

Dad and Partner Pay is for working dads or partners, including adopting parents and same-sex couples. They can get up to 2 weeks' paid leave.

Full-time, part-time, casual, seasonal, contract and self-employed workers may be eligible for either payment.

An employee may still get these payments if there is a stillbirth or infant death.

## How the scheme helps your business and parents

The Paid Parental Leave scheme helps you:
- keep valuable and skilled staff by encouraging them to stay connected with your workplace when they become parents
- create a family friendly workplace without having to fund Parental Leave Pay yourself
- increase workforce participation for new parents in the long-term.

The scheme helps parents by:
- giving them financial help while they take time off work to care for a new child
- promoting equality between men and women and balance between work and family life.

## Your role in the scheme

You play an important role in the Paid Parental Leave scheme.

Your employee may ask to take leave so they can get Parental Leave Pay or Dad and Partner Pay.

It is up to your employee to apply for Parental Leave Pay through us and negotiate leave arrangements with you. To get Parental Leave Pay, your employee must meet all eligibility requirements.

We will contact you if you have to provide Parental Leave Pay to an employee. We will also provide the necessary Paid Parental Leave funds to you.

You need to provide Parental Leave Pay for an eligible employee who:
- has a newborn or recently adopted child

- has worked for you for at least 12 months before the expected date of birth or adoption
- will be your employee until at least the end of their Paid Parental Leave period
- lives in Australia, and
- is expected to get at least 8 weeks of Parental Leave Pay.

Your business must have an Australian Business Number (ABN) to participate in the scheme.

If your employee does not meet the above criteria, you are not required to provide Parental Leave Pay. However, if you both agree, you can still choose to provide it to your employee if they are eligible. You will not need to provide Parental Leave Pay to your employee before you have received the funds from us.

With Dad and Partner Pay, you only need to be aware that your employee may ask you about taking unpaid leave so they can get Dad and Partner Pay. You do not have to provide Dad and Partner Pay to your employee. We will assess their individual claim and pay them if they are eligible.

## Talking to your employee about parental leave

If your employee is expecting or adopting a child, talk to them early about their plans.

Some topics to cover are:

- what leave is available and how it might be taken at the same time as Parental Leave Pay (for example, paid or unpaid leave)
- when your employee would like to start their leave and when they expect to return to work
- how they would like to manage their return to work (for example, returning part-time)
- information your employee needs to provide us about your business when they lodge a claim for Parental Leave Pay.

## Effect on leave entitlements

The scheme does not give your employees an entitlement to leave. Your employee’s Parental Leave Pay or Dad and Partner Pay is an addition to their employer provided leave entitlements.

Your long-term employees can get a minimum of 12 months unpaid parental leave under the *Fair Work Act 2009*. They can also ask for an additional 12 months unpaid leave on top of this. A long-term employee is someone who has worked for your business for 12 months or more.

If your employee is part of a couple, both may get unpaid parental leave under the National Employment Standards. In these cases, there are some other minimum entitlements you need to be aware of. For example, being able to take up to 3 weeks of unpaid leave at the same time, immediately after the birth or adoption. If you agree, they can take it any time in the first 6 weeks after the birth or adoption. They are also entitled to 24 months unpaid parental leave between the 2 of them.

You cannot withdraw an entitlement to paid maternity or parental leave if it is provided through an industrial agreement or law. This applies for the life of the agreement or law.

Go to **fairwork.gov.au** or call the Fair Work Ombudsman on **131 394** for information about:

- employment entitlements
- workplace obligations
- the *Fair Work Act 2009*
- the role of the Fair Work Ombudsman

## How we will pay you

You do not have to provide Parental Leave Pay before you have received the funds from us. We will transfer funds into your nominated bank account before your employee's usual pay cycle cut-off.

## Registering your business

To participate in the Paid Parental Leave scheme, you need to register your business with us. You can do this either online or over the phone. If you want to opt in to administer Parental Leave Pay for employees you are not required to provide it to, you will need to do this before they submit their claim to us. The easiest way to register for the Paid Parental Leave scheme is by using Centrelink Business Online Services with an AUSkey.

An AUSkey is a digital credential that allows you to access a range of online government services on behalf of your business. AUSkey has replaced the Australian Taxation Office (ATO) digital certificate. To get an AUSkey, visit the Australian Business Register website in English at **abr.gov.au**. You can then register for the Paid Parental Leave scheme with your AUSkey or current ATO digital certificate any time through Centrelink Business Online Services.

If you do not have an AUSkey or ATO digital certificate, you can still register for Centrelink Business Online Services but you will not be able to add or update your bank details, or add new users online. If you choose not to use Centrelink Business Online Services or you do not have access to the internet, you can register by calling us in English on **131 158**.

## For more information

- go to **humanservices.gov.au/pplemployers** for more information in English
- go to **humanservices.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare and Child Support payments and services
- visit a service centre.

**Note**: calls from your home phone to '13' numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to '1800' numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

### Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.